# आ.व २०७९।०८० को मा उर्लाबारी नगरपालिकाबाट भए गरेका कार्यसम्पादनको मिति २०८० कार्तिक २३ गते भएको वार्षिक प्रगती प्रस्तुतिकरण तथा समिक्षा कार्यक्रमको प्रतिवेदन-२०८०




## उर्लाबारी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, उर्लाबारी, मोरङ ।

उर्लाबारी नगरपालिकाको गत आब २०७९।०८० मा बार्षिक योजना तथा कार्यक्रम अन्तरगत वास्तविक रुपमा क्रियान्वयन भएका योजना तथा कार्यक्रमहरुको बारेमा मिति २०८०।०७।२३ गते नगरपालिकाको सभाहलमा नगरपालिकाका नगरप्रमुख श्री गंगा प्रसाद खरेलको अध्यक्षता तथा नगर उपप्रमुख मिना कुमारी खतिवडाको विशेष आतिथ्यतामा सुरु भएको थियो । सम्पुर्ण शाखा तथा उपशाखा प्रमुखहरु र अन्य कर्मचारी र पालिका भित्रका विभिन्न संघ संस्थाका महानुभावहरुको प्रत्यक्ष उपस्थिती रहेको उक्त कार्यक्रम दिउँसो १० बजेदेखि सुरु भएको थियो । कार्यक्रमको उदघोषकको रुपमा प्रशासन उपशाखा प्रमुख भरत अधिकारीले संचालन गर्नुभएको उक्त कार्यक्रममा देहायबमोजिमका शाखा तथा उपशाखाहरुले आआफ्नो शाखाको गत आबमा संचालन तथा भए गरेका गतिविधीको प्रस्तावित लक्ष्य उपलब्धी चुनौती र तथा समाधानका उपायको विषयमा छलफल तथा अन्तरक्रिया गरिएको थियो ।

## उर्लाबारी नगरपालिकाको दिगो विकासको स्थानीयकरणमा भएका प्रयास तथा निरन्तरता

वर्तमान विश्व विकासका साझा अभियान र साझा कार्ययोजनाका साथ अघि बढिरहेको छ। दिगो विकास लक्ष्य यस्तै साझा प्रयास र प्रतिबद्धताको अवधारणा हो। भावी पुस्ताका आवश्यकताको उपलब्धतामा प्रतिकूल प्रभाव पर्न नदिने गरी वर्तमान समयका आवश्यकता परिपूर्ति गर्ने विकासको साझा प्रयास नै दिगो विकास हो। दिगो विकासको अवधारणाले प्राकृतिक स्रोत, साधन, वातावरण, जनसङ्ख्या र विकास गतिविधिबीचको उचित एवं सन्तुलित तालमेलमा जोड दिने गर्छ। यसले आर्थिक सामाजिक र वातावरणीय विकासबीच सन्तुलनको माग गर्छ। यसमा पनि सामाजिक र वातावरणीय विकास बहन गर्न सक्ने; वातावरणीय र आर्थिक विकास सम्भावनायुक्त तथा सामाजिक र आर्थिक विकास समतामूलक हुनुपर्ने कुरामा जोड दिन्छ।

उर्लाबारी नगरपालिकाको दिगो विकास लक्ष्यको सफल कार्यान्वयनका लागि यहाँको स्थानीय सरकार निजी क्षेत्र विकास साझेदार सामुदायिक संस्था सबैको समान र अर्थपूर्ण सहभागिता रहनु आवश्यक हुन्छ। पालिकाको अर्थतन्त्रको तेस्रो खम्बाको रूपमा रहेको सहकारी क्षेत्रले दिगो विकास लक्ष्य प्राप्तिमा सकारात्मक योगदान दिन सक्ने भएकोले यसमा सहकारी अभियानको सार्थक सहभागिताको आवश्यकता पर्छ।

नगरपालिकाको आर्थिक तथा सामाजिक क्षेत्रमा रहेको सबै स्वरूपको गरिबीको अन्त्य गर्ने लक्ष्य प्राप्तिको लागि सहकारी उद्यम विकासमार्फत उत्पादनशील रोजगारी सिर्जना गर्ने, स्थानीय सम्भावना, स्रोत उपयोगमार्फत आय सिर्जना गर्ने, उत्पादनको प्रशोधन, बजारीकरणमार्फत मूल्य शृङ्खला विकास गर्ने, सामाजिक पुँजी निर्माणमार्फत वञ्चितीकरण न्यूनीकरण गर्ने, सामाजिक चासो र आवश्यकताप्रतिको जागरण, उद्यमशील संस्कृति विकास गर्ने, बजार पहुँच विकास गर्ने कार्यमार्फत योगदान दिन सक्छ।यसका लागि आब २०७८।०७९ को बार्षिक बजेटमा नै दिगो विकासको लक्ष्यको स्थानीयकरण गरेर सोहि अनुरुप प्रगती हासील गर्ने प्रयत्न गरिएको थियो । शिक्षा स्वास्थ्य रोजगार जस्ता आधारभुत आबश्यकताको परिपुर्तिको लागि चौमासिक रुपमा लक्ष्य नै किटान गरेर सुत्र प्रणालीमार्फत प्रतिवेदन हुने व्यवस्था मिलाइएको थियो ।
नगरक्षेत्रको भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषि प्रवद्र्धन गर्ने लक्ष्यमा सहकारी खेती प्रवद्र्धन, व्यावसायिक उत्पादन, कृषि सामग्री व्यवस्थापन, मूल्य शृङ्खलाका विविध आयाममा संलग्नता, खानपान व्यवहार परिवर्तन ज्ञान, सीप र प्रविधि विकासमार्फत खेतीपाती सुधार, वित्तीय पहुँच मार्फत साना उत्पादक र व्यक्तिलाई लगानी अवसर जुटाइदिने गरि बार्षिक बजेट तथा कार्यक्रममा योजना तयार

गरिएको थियो । सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवद्र्धन गर्ने लक्ष्यमा सहकारी क्षेत्रले सहकारी स्वास्थ्य सेवा, साझा स्वास्थ्य सेवा, स्वास्थ्य शिविर सञ्चालन, जोखिमयुक्त खानपान, व्यवहार र जीवनशैली विरुद्धको चेतना विस्तार, स्वास्थ्य बीमा सञ्चालन, सरसफाइ चेतना, अभियान र फोहरमैला व्यवस्थापनमा सहयोग गर्न सक्छ भन्ने मान्यतालाइ आत्मासात गर्दै स्वास्थ्य शाखाबाट शिबिर संचालन तथा दैनान्दिन प्रयोगमा आउने आनीबानी परिवर्तनको लागि सचेतना अभियान संचालन गरिएको थियो । शिक्षा शाखाको योजनाहरुमा नै दिगो विकासको लक्ष्यको स्थानीयकरण गरि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका लागि आजीवन सिकाइका अवसर प्रवद्र्धन गर्ने कार्यमा शिक्षालय तथा शैक्षिक प्रतिष्ठान सञ्चालन, सीपसहितको शिक्षाका शिविर सञ्चालन, शिक्षा र सीप भएकाका लागि कर्जा सहुलियत, सदस्य परिवारमा शैक्षिक कर्जा र लगानी कार्यक्रममार्फत शैक्षिक विकासमा योगदान दिने अभियानको थालनी भएको छ ।

महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा मार्फत संचालन हुने कार्यक्रममा लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला, किशोरी तथा बालिकालाई सशक्त बनाउने कार्यमा रोजगारी तथा जीवन निर्वाहका अवसर विस्तार, सङ्गठित हुने अवसरमार्फत स्वरोजगारी सिर्जना, विभिन्न तहमा महिला सहभागिता विस्तार, महिला नेतृत्व विकास, महिला केन्द्रित व्यवसायमार्फत महिला विकास र सशक्तीकरणको कार्यक्रम सञ्चालन, सामाजिक जिम्मेवारीमार्फत कुप्रथा हटाउन र संस्कार परिवर्तन गर्न विभिन्न टोल तथा वडाहरुमा गठन तथा संचालन भएका समुह तथा सहकारी क्षेत्रले महत्वपुर्ण भूमिका निर्वाह गरेका छन ।

उर्लाबारी खानेपानी व्यवस्थापन तथा संचालन निर्देशक समितिको मातहतमा हुने गरि नगरभरी संचालित खानेपानीको योजनामार्फत सबैको निम्ति पानी तथा सरसफाइको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने कार्यमा पानीका स्रोतको संरक्षण, खानेपानी कार्यक्रम सञ्चालन, व्यवस्थापन, पानीको जोहो गर्ने आनीबानी विकास, पुनर्प्रयोज्य वस्तुहरूको व्यवस्थित उपयोग र विसर्जन, एक घर एक बिरुवा अभियानमार्फत योगदान गरिदै आएको छ । यसैगरी नगरक्षेत्रको उज्यालो विस्तार तथा विकासका लागि बार्षिक बजेटमा नै व्यवस्था गरि कार्यक्रमहरु संचालन गरिदै आइएको छ ।

यसरी नगरपालिकाले आर्थिक सामाजिक नीति र स्थानीय स्तरका आयोजनालगायतका विषय समेटेर स्थानीय सरकारले स्थानीय तहको आवधिक विकास योजना तर्जुमा गर्ने भन्ने मान्यतालाइ समेत आत्मसात गर्दै योजना तर्जुमा गर्दा नेपाल सरकारको राष्ट्रिय योजना कोशी प्रदेश सरकारको आवधिक योजनासँग तादात्म्यता कायम गरेर योजना तर्जुमा गर्ने प्रयासको थालनी गरिएको छ ।

छलफल तथा अन्तरक्रियामा समिक्षा प्रतिवेदन पेश गरिएका शाखाहरु

## १) खरिद तथा सम्पती व्यवस्थापन शाखा /खरिद योजनाको प्रगती विवरण तथा समिक्षा

उर्लाबारी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० मा खरिद तथा सम्पती व्यवस्थापन शाखाबाट संचालित कार्यक्रम तथा क्रियाकलापहरु संचालन गर्नको लागि देहायको प्रकारको जनशक्ती परिचालित थियो ।

| क्रस | जनशक्ती विवरण | तह | कैफियत |
|---|---|---|---|
| १ | नगेन्द्र प्रसाद तिम्सीना | अधिकृत (छैटौ) | |
| २ | सुदेन सुवेदी | कम्युटर अपरेटर (पाँचौ) | |

संचालित कार्यक्रमहरु

- कार्यालय,वडा कार्यालय तथा विषयगत शाखा उप-शाखावाट बार्षिक रुपमा संचालन हुने कार्यक्रमको लागि आवश्यक पर्ने वस्तु ( खर्च भएर जाने तथा खर्च भएर नजाने जिन्सी मालसामान) तथा सेवाको सालवसाली लागत अनुमान तथा दररेट तयार गरी ऐन, नियम, निर्देशिका तथा आदेश अनुसार खरिद प्रकृया अगाडी बढाइएको ।
- दश लाख भन्दा माथिको निर्माण तथा परामर्श सेवा खरिदको लागि अनिवार्य इ बिड पद्वती अपनाइएको
- खरिद गरिएका वस्तु तथा सेवाहरुको पाम्स सफ्टवयरमा प्रविष्टि तथा कोड / डि-कोड प्रणाली अनुसार नम्बरिङ्ग गरी माग अनुसार उपलब्ध गराउदै लगिएको ।
- खरिद भएका वस्तु तथा सेवाहरु ( खर्च भएर जाने तथा खर्च भएर नजाने) को रेकर्ड प्रत्येक वर्ष समयानुकुल ब्यबस्थित गर्दै लगिएको ।बार्षिक रुपमा वजेटको व्यवस्थापन नहुने भएको हुदा (खरिद तथा सम्पती ब्यवस्थापन शाखाको लागी बार्षिक रुपमा कुनै शिर्षकमा वजेट ब्यवस्थापन नहुने भएको हुदा यस शाखाको बार्षिक लक्ष्य ,भार तथा लाभान्वित संख्या नदेखिने गरेको )
- कार्यालयवाट बार्षिक रुपमा संचालित कार्यक्रमको प्रतिफलमा सहजिकरणको भुमिका मात्र रहने गरेको छ।
- निर्माण कार्यको लागि आबश्यक कार्यसम्पादन जमानत बोलपत्र जमानत तथा म्याद थपको लागि आबश्यक सहजीकरण गरिएको ।

यसैगरी माथी उल्लेखित कार्यक्रमहरु संचालन गर्नका लागि शाखाले खरिद योजना मुताविकका देहायका कार्यविधी तथा कानुनको परिपालना गरेको अवस्था छ ।

- सार्वजनिक खरिद ऐन-२०६३
- सार्वजनिक खरिद नियमावली २०६४

- उर्लावारी नगरपालिकावाट जारि गरिएको सार्वजनिक खरिद नियमावली २०७५ ( पहिलो संशोधन २०७९ )
- आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन र नियमावली
- नेपाल सरकारवाट समय समयमा जारी गरिएका नीति,निर्देशिका तथा आदेशहरु

शाखाले माथी उल्लेखित क्रियाकलाप संचालन गर्नका लागि देहायबमोजिमका मितव्ययीतता तथा प्रभावकारिताका प्रयासहरु गरेको थियो । जसलाइ यसप्रकार व्यक्त गर्न सकिन्छ ।

- संचालन हुने कार्यक्रमको लागि विनियोजित बजेटको सिमा हेरी गुणस्तरिय तथा प्रभावकारी वस्तु तथा सेवा खरिदको लागी उर्लावारी नगरपालिकाको आ.ब. ०८०/०८१ को बार्षिक नीति तथा कार्यक्रम अनुसार रु १० लाख भन्दा माथीको बस्तु तथा सेवा खरिदमा अनिबार्य रुपमा बिधुत्तिय प्रणाली ( ई-विड) कडाइका साथ लागु गरिएको ।
- खरिद गरिएका वस्तु तथा सेवाहरु स्पेसिफिकेशन,परिमाण तथा गुणस्तर समेत चेकजाच गरी कार्यस्वीकार प्रतिवेदनको साथ आर्थिक प्रशासन शाखामा भुक्तानिको लागी सिफारिस गर्ने गरिएको ।
- रु. १० लाख सम्मको बजेटवाट बस्तु तथा सेवा खरिद गर्नु परेमा अधिकतम प्रतिष्प्रर्धा गराइर तिन वा तिन भन्दा बढि सप्लायर्सहरु संग दररेट माग गरी (सके सम्म स्थानिय सप्लायर्सहरुलाइ प्राथमिकतामा राखि) दररेटमा प्रतिष्प्रर्धा गराइ बस्तु तथा सेवा खरिदको कार्यलाइ प्रोत्सहान दिइएको ।कार्यालय वडा कार्याल तथा विषयगत शाखाको प्रयोजनमा रहेका वस्तु तथा सेवाहरुको सलवसाली रुपमा जिन्सी निरिक्षण गरी प्रतिवेदन पेश गर्ने गरिएको
- निरिक्षणको क्रममा प्रतिवेदनमा औल्याइए अनुसार बस्तु तथा सेवाहरुको मर्मत सम्भार तथा लिलाम बिक्रीको कार्य अगाडी बढाइएको ।
- विषयगत शाखा , विभिन्न स्वास्थ्य संस्था वडा कार्यालयहरुको प्रयोजनमा रहेका मालसामानहरुको समय समयमा अनुगमन , निरिक्षण गरी रेकर्ड अध्यावधिक गर्ने कार्य गरिएको ।

यसरी माथिका उदेश्य परिपुर्तिका लागि प्रावधानमा सिमित रहेर नियमितता र प्रभावकारीताको आधारमा खरिद तथा खरिद सम्बन्धी कार्य र सम्पती व्यवस्थापन सम्बन्धी कार्य गर्दा देहायबमोजिमको चुनौती तथा समस्याहरुको सामना गर्नुपरेको थियो ।

- सम्बन्धित शाखामा कार्यरत कर्मचारीहरुको लागी उचित तालिमको कमी ।
- एकै प्रकृतिका बस्तु तथा सेवाहरुमा कोडिङ्ग / डि-कोडिङ्ग तथा नम्बरिङ्गको समस्या ।

- वडा कार्यालय तथा विभिन्न स्वास्थ्य संस्थाहरुमा मालसामानहरु ढुवानि गरी पु-याउन जनशक्ति तथा ढुवानी साधनको अभाव ।
- ऐन नियम अनुसार गठित समितिको बैठक समयमा नवस्नाले समयमानै लिलाम बिक्रीको कार्य नहुनु
- बार्षिक बजेटको ब्यवस्थापन नहुनु ।
- अनुगमन तथा मुल्यांकङ्गको कार्यलाइ प्राथमिकतामा  नराखिनु ।
- ब्यवस्थित भण्डार कोठाहरुको कमी ।
- नगरपालिकाको आफ्नो सम्पती एकिन नहुनु
- शाखा तथा उपशाखाहरुबाट खरिद हुने सामान सेवा तथा निर्माण कार्यको लागि आबश्यक खरिद सम्बन्धी कागजात बनाइता पनि सम्बन्धित शाखासँग कतिपय अवस्थामा समन्वयको अवस्था कमजोर रहेको ।

# पशुपन्छी विकास शाखा

यसपश्चात पशुपन्छी विकास शाखाले आफ्नो प्रगती समिक्षा पेश गरेको थियो । शाखाको कार्यलयमा हालसम्म देहायअनुसारको जनशक्ती कार्यरत रहेको  छ भने गत आ.ब. मा शाखाले गरेका काम तथा क्रियाकलापलाइ यसप्रकार व्यक्त गरिएको छ

शाखामा रहेको जनशक्ति विवरण

| क.स. | जनशक्ती विवरण | तह | कैफियत |
|---|---|---|---|
| १ | बद्री भट्टराई | अधिकृत (छैटौ) | |
| २ | विष्णु प्रसाद भट्टराई | पशु स्वास्थ्य प्राविधिक | |
| ३ | गंगा दर्जी | कार्यलय सहयोगी | |

पशुपन्छी शाखाको तथ्यांकको आधारमा हालसम्म उर्लाबारी नगरपालिकामा रहेका पशुपन्छी तथा अन्य घरपालुवा जिवको संख्या देहायको आधारमा रहेको पाउन सकिन्छ  ।

क) गाइ

ख) भैसी

| | साढे | गोरु | दुधालु गाई | थारा गाई | बहर | कोरलि | बाच्छा | बाच्छी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| स्थानिय | ६ | २३२ | १२७५ | १३२६ | ३७५ | ७३० | ५६३ | ७४२ | ५२३१ |
| बर्णशंकर | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| उन्नत | २२ | ९३ | ४०५८ | ४२०५ | १३५७ | २५७२ | १३१३ | २३०५ | १५९२५ |
| जम्मा | २८ | ३२५ | ५३३३ | ५५३१ | १७३२ | ३३०२ | १८७६ | ३०४७ | २११५६ |

ग) बाख्रा

| | बोका | खसि | व्या माउ | थारामाउ | छतौरा | छतौरी | पाठा | पाठी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| स्थानिय | ९५ | ४२५ | ८७६ | ७८८ | ८५६ | ६८४ | ९८७ | ७६४ | ५४७५ |
| बर्णशंकर | १५२ | २८६३ | २७५१ | २८६७ | ३६९ | ४१८ | ६८२ | ७८६ | १०८८८ |
| उन्नत | ७६ | ८५५ | १४७८ | १५२७ | ६७८ | ७८२ | ८५६ | ७६१ | ७०१३ |
| जम्मा | ३२३ | ४१४३ | ५१०५ | ५१८२ | १९०३ | १८८४ | २५२५ | २३११ | २३३७६ |

घ) बंगुर/ सुंगुर

| | | खसि | व्या भुनि | थारा भुनि | छतौरा | छतौरी | पाठा | पाठी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| स्थानिय | २२ | १२७९ | ६८७ | ६८६ | ३४७ | ३५८ | २७५ | २९६ | ३९५० |
| बर्णशंकर | १५ | ३५१ | ९८४ | ७२८ | ६२७ | ५२३ | १५७ | ४३७ | ३८२२ |
| उन्नत | ७९ | १०८८ | १०५४ | ९७९ | ४३७ | ३६८ | १२४८ | ११२९ | ६३८२ |
| जम्मा | ११६ | २७१८ | २७२५ | २३९३ | १४११ | १२४९ | १६८० | १८६२ | १४१५४ |

यसैगरी गत आ.ब. मा पशुपन्छी विकास शाखाले पशुपन्छीको स्वास्थ्योपचार तथा मेडिकल प्रकृयाका क्रममा देहाय बमोजिमको लाभान्वित विवरण हासिल गरेको थियो ।

- पशु स्वास्थ्य प्रर्बद्धन कार्यक्रम :३७८४२
- मेडिकल उपचार सेवा: संख्या ३६५२०
- गाइनोकोलोजिकल उपचार सेवा: संख्या १०३१
- माइनरसर्जिकल उपचार सेवा : संख्या २९१
- लाभान्वित परिवार संख्या: ४३३६
- महिला १०१८ पुरूष ३३१८
- दलित २७० जनजाति ८१७ अन्य ३२४९

यसैगरी रोग निदान तथा प्रयोगशाल सेवा देहायबमोजिमका पशुपन्छी तथा लाभान्वित विवरणलाइ प्रदान गरिएको थियो ।

- गोबर परिक्षण संख्या : २८१
- पिसाब परिक्षण संख्या : ७५
- दुध परिक्षण संख्या : १२३
- रगत परिक्षण संख्या : २०
- रेपिड किट टेष्टः२० (टिबि५,ब्रुसेल्ला ६,साल्मोनेल्ला५,एभियन एन्फ्लोएन्जा ४)
- रिजल्टःटिबि पोजेटिभ ५ , अरु नेगेटिभ
- लाभान्वित परिवार संख्या: ४९९
- महिला १७४ पुरूष ३२५
- दलित १८ जनजाति १८७ अन्य २९४

यसैगरी गत आ.व. मा  रोग निरोधक खोप कार्यक्रम अन्तरगत देहायबमोजिमको विवरण लाभान्वित भएको थियो ।

- एफ एम डी खोपः  १५००० डोज / लाभान्वित परिवार संख्याः २१०६
- पि पि आर खोपः १३५०० डोज / लाभान्वित परिवार संख्याः १३७३
- एच एस बि क्यु खोपः ४७०० / डोज लाभान्वित परिवार संख्याः ९१४
- स्वाइन फिबर खोपः २२०० डोज / लाभान्वित परिवार संख्याः ११९
- रानिखेत खोपः ५००० डोज / लाभान्वित परिवार संख्याः१३९
- रेबिज खोप संख्याः ४५१ डोज / लाभान्वित परिवार संख्याः ४५१
- लाभान्वित कुल परिवार संख्याः ५१०२
- महिलाः २०२२ पूरुषः ३०८०
- दलितः ३८७ जनजातिः २१७९ अन्यः २५३६

यसैगरी गत आ.व. २०७९/०८० मा कृतिम गर्भाधान कार्यक्रम अन्तरगत देहायको प्रगती विवरण हासिल भएको अवस्था छ ।

- गाईः   ११४८
- भैसिः   ७९
- बाख्राः    ७
- कुल कृ. ग. संख्याः १२३४
- लाभान्वित परिवार संख्याः १२३४
- महिलाः १९० पूरुषः ७३३
- दलित ४४ जनजाती १८४ अन्य ६९५

नगरपालिकाको इपिडेमियोलोजिकल/सर्भिलेन्स कार्यक्रमको बार्षिक लक्ष्य १२ रहेकोमा जम्मै उपलब्धी हासिल भएको अवस्था छ । यसैगरी पशुसेवा प्रसार कार्यक्रम अन्तरगत रेबिज सप्ताहा तथा खोप कार्यक्रम

नगरभरीका सबै वडाहरुमा १/१ दिन शिबिर ०७९/०६/०४ गते देखि १४ गते सम्म संचालन गरिएको थियो । भने देहायबमोजिमको प्रगती विवरण हासिल गरिएको थियो ।

| वडा | खोप संख्या | वडा | खोप संख्या |
|---|---|---|---|
| वडा नं १ | ५३ | वडा नं ८ | १५ |
| वडा नं २ | २८ | वडा नं ९ | १९ |
| वडा नं ३ | ३३ | जम्मा | २३७ |
| वडा नं ४ | ८ | | |
| वडा नं ५ | ८ | | |
| वडा नं ६ | ५२ | | |
| वडा नं ७ | २१ | | |

- माथीको यस कार्यक्रमबाट महिला ६७ र पुरुष १६७ जना लाभान्वित भएका थिए भने दलित १९ जनजाती १४७ अन्य ७१ जना लाभान्वित भएका थिए ।
- यसैगरी सामुदायिक कुकुर बन्ध्याकरण शिबिर कार्यक्रम अन्तरगत कार्यक्रमको प्रगति २०५ गोटा भाले/पोथी सामुदायिक कुकुर बन्ध्याकरण भएको अवस्था छ ।
- गत आ.ब. को बिशेषज्ञ सहित पशु स्वास्थ्य तथा बाँझोपन नियन्त्रण घुम्ति शिबिर सञ्चालन अन्तरगत भएको कार्यक्रममा लाभान्वित गाईभैसि फर्महरु २३ वटा ,बाँझोपन हिटमा नआउने/ उल्टिरहने गाइभैसि उपचार ४० वटा ,लम्पि स्किन डिजिज उपचार १५२ गाइ र बाच्छाबाच्छी परजिबि नियन्त्रण गाईभैसि ३०४ वटा लाभान्वित भएका थिए ।
- माछा पालक कृषकहरुलाइ औषधि बितरण कार्यक्रम अन्तगत बितरण गरिएको औषधिहरु अन्तरगत टोक्सिमार २१० केजि / माछा चुना ५०७२केजि / पि एच १०० स्ट्रीप पेपर सेट / पोटास ४५० ग्राम ५० प्याक / ट्रेसमिन फोर्ट ६० केजि रहेका थिए । जुन औषधीहरु जम्मा ४९ वटा व्यवसायिक फर्महरुलाइ वितरण गरिएको थियो भने महिला ८ पुरुष ४१ गरि लाभान्वित रहेकोमा जसमध्ये ३ दलित ११ जनजाती र २४ अन्य समुदायबाट लाभान्वित रहेका थिए ।
- पशु आहारा बिकास कार्यक्रम अन्तरगत हिउदे घास जै बर्षिमको बिउ बितरण ७५ प्रतिशत अनुदान कार्यक्रम सम्पन्न भएको थियो जसमा जै ३०५० के जी बर्षिम २६० के जी वितरण भएको थियो । जम्मा लाभान्वित परिवार संख्या ३७० जना रहेकोमा जसमध्ये महिला १२१ पुरूष २४९ दलित १२ जनजाती ५२ अन्य ३०६ रहेका थिए ।

- यसैगरी गत आ.ब.२०७९/०८० मा देहाय बमोजिमा कार्यक्रमहरु समेत पशुपन्छी विकास शाखाबाट भएकोमा देहायबमोजिम उपलब्धीहरु हासील भएका थिए ।

    - बर्षे घाँसको बिउ सुडान/टियोसेन्टी बितरण ७५ प्रतिशत अनुदानः बितरण टियोसेन्टी २१००के जि/ सुडान २७५ केजि । लाभान्वित:महिला ९४ पूरुष १९६ दलित ८ जनजाति ३९ अन्य २४३ जम्मा लाभान्वित २९० जना

    - बहुबर्षिय घाँसको बिउ बितरण शत प्रतिशत अनुदानः (ज्वाइन्ट भेच ४९ केजि/मोलासेस ३० केजि/ स्टाइलो १४ केजि) । लाभान्वितः महिला ३८ पूरुष ९१ / दलित ९ जनजाति २१ अन्य ९९ जम्मा लाभान्वित१२९ जना

    - बहुबर्षिय घाँसको स्लिप सेट्स बितरण शत प्रतिशत अनुदानः (रेड नेपियर ३५००/स्मार्ट नेपियर २८००/बदामे ३०००/मुलाटो ३०००/गिनि ३०००/ सेटेरिया ३०००) लाभान्वित:महिला ३९पूरुष ९८/दलित ८ जनजाति २१ अन्य १०८ जम्मा लाभान्वित १०८ जना

    - डाले घाँसको बिरुवा खरिद बितरण शत प्रतिशत अनुदानः (इपिल ५००/टाँकि ७००/निभारो ७००/खमारी ९००/बडहर ७००) लाभान्वित:महिला ४५ पूरुष ८४/ दलित ८ जनजाति २२ अन्य ९९ जम्मा १२९

    - यु एम बि खरिद बितरण शत प्रतिशत अनुदानः ५७० के जि । वितरण विवरण, महिला ३९ पूरुष १२७ दलित ३ जनजाति २५ अन्य १३८ जम्मा लाभान्वित संख्या १६६ जना

- यसैगरी उर्लाबारी नगरपालिकाको बार्षिक बजेट तथा कार्यक्रम अन्तरगत व्यवसायिक कृषक संग नगरपालिका साझेदारी कार्यक्रम ७५ प्रतिशत अनुदान भनेर संचालन गरिएको थियो ।
    - जसअन्तरगत पहिलो कार्यक्रम कार्ययोजनामा आधारित व्यवसायिक फर्म प्रबर्धन कार्यक्रम गोठ सुधार गाई भैसि रहेको तथा लक्ष्य ८ भएकोमा प्रगति समेत ८ भई कार्यक्रम पुर्ण रुपमा सम्पन्न भएको थियो ।कार्यक्रमबाट देहायबमोजिमको विवरण लाभान्वित भएको थियो ।

| सि नं | संचालकको नाम | ठेगाना | फर्मको नाम |
|---|---|---|---|
| 1 | मेघराज थापा | उर्लाबारी २ | कालिका बि एफ एग्रो फर्म प्रा लि |
| 2 | रामु निरौला | उर्लाबारी ३ | हरेकृष्ण कृ तथा पशुपन्छी फर्म |
| 3 | दोर्ण ब पौडेल | उर्लाबारी ९ | गोपेश्वर एकिकृत कृषि फर्म |
| 4 | जहरमान लिम्बु | उर्लाबारी ४ | लिङदेन एग्रीकल्चर हाउस |
| ५ | सोम प्रसाद आचार्य | उर्लाबारी ५ | स्वस्तिका एण्ड कृषि फर्म |
| ६ | कमला थापा | उर्लाबारी ८ | कमला कृषि फर्म |
| ७ | सरस्वति आचार्य | उर्लाबारी ६ | आचार्य कृषि तथा पशुपालन फर्म |
| ८ | धन ब श्रेष्ठ | उर्लाबारी ९ | हेल्पघनिष्ट कृषि फर्म |

- यसैगरी सोही आ.ब.मा अर्को कार्ययोजनामा आधारित व्यवसायिक फर्म प्रबर्धन कार्यक्रम गोठ सुधार लेयर्स कुखुरा कार्यक्रमको लक्ष्य १ रहेकोमा प्रगति समेत १ हासिल गरि शतप्रतिशत लक्ष्य भेट्टाउन सफल भैएको थियो । ।कार्यक्रमबाट देहायबमोजिमको विवरण लाभान्वित भएको थियो ।

| सि नं | संचालकको नाम | ठेगाना | फर्मको नाम | कै |
|---|---|---|---|---|
| १ | कृष्ण कुमार लामा | उर्लाबारी १ | कृष्ण कृषि फर्म | |

- कार्ययोजनामा आधारित व्यवसायिक फर्म प्रबर्धन कार्यक्रम गोठ सुधार बाख्रा कार्यक्रमको लक्ष्य १० रहेकोमा प्रगति ९ हासिल भएको थियो । लाभान्वितहरुको विवरण यसप्रकार रहेको छ ।

| सि नं | संचालकको नाम | ठेगाना | फर्मको नाम | कै |
|---|---|---|---|---|
| १ | प्रमिला चौहान | उर्लाबारी १ | चौहान कृषि फर्म | |
| २ | मचिन्द्र कुमार कार्की | उर्लाबारी १ | कार्की कृषि फर्म | |
| ३ | कृष्णराज डागी | उर्लाबारी २ | डागी कृषि तथा पशुपालन फर्म | |
| ४ | पार्बता पौडेल | उर्लाबारी ३ | नमुना कृषि फर्म | |
| ५ | उमा गिरि | उर्लाबारी ४ | गिरीबन्धु कृषि फर्म | |
| ६ | छत्र ब माझि | उर्लाबारी ५ | छत्र कृषि फर्म | |
| ७ | तुलसा बस्नेत | उर्लाबारी ६ | खकुरेल कृषि तथा पशुपन्छी फर्म | |
| ८ | बालिका बिष्ट | उर्लाबारी ७ | बिहानी पशुपालन तथा कृषि फर्म | |
| ९ | मनित्रा याख्खा | उर्लाबारी ८ | कन्चनजंगा कृषि तथा पशुपन्छी फर्म | |

- कार्ययोजनामा आधारित व्यवसायिक फर्म प्रबर्धन कार्यक्रम गोठ सुधार बंगुर/सुगुर कार्यक्रम अन्तरगत लक्ष्य १६ राखिएकोमा जम्मा प्रगति ५ मात्र भएको छ ।

| सि नं | संचालकको नाम | ठेगाना | फर्मको नाम | कै |
|---|---|---|---|---|
| १ | फुलमाया दनुवार | उर्लाबारी १ | फुलमाया कृ फर्म | |
| २ | रेबत ब धिमाल | उर्लाबारी ८ | योङहाङ्ग कृ फर्म | |
| ३ | गायत्रि राई | उर्लाबारी ९ | दुर्गा कृ फर्म | |
| ४ | सुजन बराल | उर्लाबारी ८ | उर्लाबारी मोर्डन फर्म | |
| ५ | हेमा धिमाल | उर्लाबारी ८ | हेमा कृषि फर्म | |

- समुह समिति सहकारी डेरि प्रबर्धन ला
  गत साझेदारीमा चिलिङ्ग भ्याट बितरण १००० ली को लक्ष्य राखिएकोमा जम्मा प्रस्तावित लक्ष्य २ रहेकोमा प्रगति पनि २ नै हासिल गरिएकाले शतप्रतिशत लक्ष्य हासिल भएको अवस्था छ ।

| सि नं | संचालकको नाम | ठेगाना | फर्म/समुह सहकारिको नाम | कै |
|---|---|---|---|---|
| १ | नर ब बिश्वकर्मा | उर्लाबारी १ | चारघरे दुग्ध सहकारी संस्था ली | |
| २ | खडि ब गुरुङ्ग | उर्लाबारी ५ | उर्लाबारी पशुपालक कृषक समुह | |

- यसैगरी नगरपालिकको बार्षिक कार्यक्रम अन्तरगत काउ म्याट बितरण ७५ प्रतिशत अनुदान रहेकोमा लक्ष्य ७४ थान तय गरिएको थियो । यसैगरी प्रगति ८७ थान भएको छ भने लाभान्वित जम्मा ४३ जना जसमध्ये महिला १२ पूरुष ३१ रहेका थिए । जसअन्तरगत दलित ० जनजाति ४ अन्य ३९ रहेका थिए ।
- च्यापकटर खरिदमा ७५ प्रतिशत अनुदान कार्यक्रम रहेकोमा लक्ष्य २३ प्रगति २७ हासिल गरिएको थियो ।जसअन्तरगत लाभान्वित जम्मा २७ जना रहेकोमा महिला ७ पूरुष २० जना रहेका थिए । जसअन्तरगत दलित ० जनजाति ४ अन्य २३ रहेको शाखाको तथ्यांक छ ।
- यसैगरी शाखाले तय गरेको बार्षिक लक्ष्य तथा कार्यक्रम अनुसार २ थान मेटल डिटेक्टर खरिद गरिएको थियो । यसैगरी आ.ब.२०७९/०८० मा शाखाको एक थान प्रोफायल तयार गरि योजनाको तथा कार्यक्रमको प्रारुप तयार गर्नका लागि सहजता तुल्याएको छ ।

माथी उल्लेख भएका क्रियाकलापका अतिरिक्त पशुपन्छी शाखाले क्षमता विकास सम्बन्धी तालिम कार्यक्रम समेत संचालन गरेको थियो ।

- व्यवसायिक गाईभैसि पालन तालिम ३ दिनेः २४ जना दलित ० जनजाति ५ अन्य १९-
- व्यवसायिक बाख्रा पालन तालिम ३ दिनेः २६ जना दलित ० जनजाति ४ अन्य २२
- व्यवसायिक बंगुर पालन तालिम ३ दिनेः २४ जना दलित ४ जनजाति १९ अन्य १
- व्यवसायिक मत्स्य पालन तालिम ३ दिनेः १८ जना महिला ४ पूरुष १४ दलित १जनजाति ८ अन्य ९
- पशुपालन समुहहरुमा स्थलगत समस्यामा आधारित पशुपालन तालिम १ दिने ५ पटकः १३९ जना महिला ७३ पूरुष ६६ दलित १२ जनजाति २२ अन्य १०५

यसैगरी चाँदनी पशुपालन समुह उर्लाबारी — २ लाइ बाख्रा पकेट कार्यक्रम अन्तरगत रु ७ लाख बजेटको कार्यक्रमबाट लाभान्वित तुल्याइएको थियो । संघीय शसर्त अनुदान अन्तरगत भएको उक्त कार्यक्रमको खर्च शिर्षक तथा परिमाणको विस्तृतिकरण यसप्रकार रहेको छ ।

| सि नं | सम्पन्न मुख्य कार्यक्रम | कै |
|---|---|---|
| १ | बोका खरिद | २ थान |
| २ | बाख्रा खोर सुधार | १३ |
| ३ | कुटानि पिसानि मेशिन खरिद | २ |
| ४ | परजिबि नियन्त्रण औषधि बितरण | १ पटक |
| ५ | घाँस बिकास कार्यक्रम | १ पटक |
| ६ | बाख्रा पालन तालिम १ दिने | १ पटक |

यसैगरी राजघाट व्यवसायिक बाख्रा पालन कृषक समुह उर्लाबारी ८/९ लाइ नगरपालिकाको चालु खर्च शिर्षक अन्तरगतको बजेटबाट रु ५ लाखको कार्यक्रमबाट लाभान्वित गराइएको थियो उक्त कार्यक्रममा भएको खर्च शिर्षक तथा परिमाणको विस्तृतिकरण यसप्रकार रहेको छ ।

| सि नं | सम्पन्न मुख्य कार्यक्रम | कै |
|---|---|---|
| १ | च्यापकटर खरिद | ३ थान |
| २ | बाख्रा खोर सुधार जैबिक सुरक्षा घेराबारा | ३ |
| ३ | कुटानि पिसानि मेशिन खरिद | ८ |
| ४ | परजिबि नियन्त्रण औषधि बितरण | १ पटक |
| ५ | घाँस बिकास कार्यक्रम | १ पटक |
| ६ | बाख्रा पालन तालिम १ दिने | १ पटक |

यसका अतिरिक्त शाखाले नियमित सेवा अन्तरगत देहायबमोजिमको सुविधाहरु प्रदान गरेको थियो ।

- पशुपन्छी मृत्यु/बाझोपन बिमा सिफारिसः२४६
- पशुपन्छी फर्म दर्ता सुचिकृतः २५
- पशुपन्छी फर्म नबिकरणः ६८
- पशुपालक कृषक समुह/समिति दर्ता सुचिकृतः१५
- पशुपालक कृषक समुह/समिति नबिकरणः २०

आर्थिक वर्ष २०७९/०८० मा पशुपन्छी विकास शाखाले कार्यक्रमको रुपमा तर्जुमा गरेतापनी देहायका कार्यक्रमहरु संचालन हुन सकेका थिएनन ।

| सि न | कार्यक्रमको नाम | सम्पन्न हुन नसकेको कारण | कै |
|---|---|---|---|
| १ | टर्कि चल्ला बितरण ७५ प्रतिशत अनुदानः | ब्रुडिङ्ग गरेको चल्ला नभेटिएको | |
| २ | बिपन्न परिवारमा आय आर्जनका लागि बाख्रा तथा बंगुरका पाठापाठि बितरण शत प्रतिशत अनुदान | कार्यक्रम माग निबेदन प्राप्त भएको तर सो संस्थाको कानुनि बैधता अपडेट नभएको | |
| ३ | पाराभेट कृ ग कर्ताहरु संग अन्तकृया गोष्ठि १ दिनेः | | |
| ४ | व्यवसायिक कार्ययोजनामा आधारित फर्म प्रबर्धन कार्यक्रम गोठ सुधार बंगुर तर्फ | लक्ष्य १६ प्रगति ५ कार्यक्रम माग निबेदन कम परेको | |
| ५ | व्यवसायिक कार्ययोजनामा आधारित फर्म प्रबर्धन कार्यक्रम गोठ सुधार बाख्रा तर्फ | लक्ष्य १० प्रगति ९ (अजिमा कृषि फर्म उर्लाबारी ५ छनौट भएको तर सम्झौताको लागि नआएको) | |
| ६ | पशु चिकित्सक नियुक्ति (ससर्त अनुदान) | छनौट भइ नियुक्ति लिन नआएको | |

जम्मा विनियोजित बजेट तथा श्रोतगत खर्चको अवस्थालाइ शाखाले यसप्रकार प्रस्तुत गरेको अवस्था छ ।

| सि नं | शिर्षक | कार्यक्रम बजेट | खर्च भएको बजेट रु | प्रगति प्रतिशत | कै |
|---|---|---|---|---|---|
| १. | नगरपालिका बाट शाखालाई प्राप्त | ९८,००,०००। | ८२,५०,०००। | ८४।१८ | |
| २. | संघिय ससर्त अनुदान | १५,००,०००। | १०,५०,०००। | ७० | |
| | | | | | |

यसरी बर्षान्तसम्म आइपुग्दा कार्यक्रमको दौरानमा आइपरेका चुनौती तथा महशुष गरेका अफ्ठ्याराहरुलाइ यसप्रकार उल्लेखन गरिएको छ ।

- शाखामा स्विकृत दरबन्दी अनुसार कर्मचारी नहुनु ।
- पशुहरुमा लम्पि स्किन डिजिजको समस्या ।
- सवारी साधन अभाब ।
- कार्यालयको कम्पाउण्ड गहिरो तथा भवन निर्माण अधुरो भबनमा सेवा प्रबाहमा असहजता ।

- समयानुसार शाखालाई सुचना प्रबिधि अनुकुल बनाउन नसक्नु (कर्मचारी तथा सामाग्रि)
- कृषकहरुमा व्यवसायिक सोच भन्दा पनि जसरी पनि अनुदान लिने प्रबृतिको बिकास हुनु ।

# आर्थीक प्रशासन शाखा

यसपश्चात कार्यक्रममा लेखा शाखाका लेखा अधिकृत गोबिन्द कार्कीले गत आ.ब.मा लेखा शाखाबाट भए गरेका गतिविधी तथा वित्तिय विवरणको शारांश प्रस्तुत गर्नुभएको थियो । आर्थिक प्रशासन शाखामा हाल

उहाँको प्रस्तुतिका केहि अंशलाइ यसप्रकार राखिएको छ । जसअनुसार अगिल्लो आ.ब.मा कुल चालु तथा पुजिगत खर्च शिर्षकमा गरिएको बजेट विनियोजनको अवस्था र र खर्चको मात्रालाइ यसरी प्रस्तुत गरिएको थियो । कुल बजेटमध्ये ६६.१७ प्रतिशत खर्च भएकोमा चालुतर्फ ७८ प्रतिशत र पुजिगततर्फ ५४.९४ प्रतिशत खर्च भएको अवस्था छ ।

| बजेट | | खर्च | |
|---|---|---|---|
| जम्मा बजेट | | १,१६,२६,५१,८७७ | |
| जम्मा खर्च | | ७६,९३,४५,२४५.६५ (६६.१७%) | |
| चालु | पुजिगत | चालु | पुजिगत |
| ५६,६१,१२,१५५ | ५९,६५,३९,७२२ | ४४,१५,८१,८२३.६५ | ३२७७६३४२२.०० |
| खर्च प्रतिशत | | ७८.०० | ५४.९४ |

यसैगरी नगरपालिकाको गत आ.ब. तर्फ देहाय अनुसारको आन्तरिक आय ( कर राजश्व) अवस्था प्राप्त भएको छ ।

| क्र.स. | राजश्व संकेत | राजश्व आधार शिर्षक,मुल शीर्षक, शीर्षक तथा उपशीर्षक | २०७९/८० को यथार्थ आय (रु हजारमा) | कैफियत |
|---|---|---|---|---|
| क. | कर राजश्व | | | |
| १ | ११३१३ | सम्पति कर | ५५६१५४२.३६ | |
| २ | ११३१४ | भूमिकर/ मालपोत | ५२५११२४.०५ | |
| ३ | ११३३२१ | घर जग्गा बहाल कर | ५१८७७७७.४३ | |
| ४ | ११३२२ | बहाल विटौरी कर | ३४४८०१५.३८ | |
| ५ | ११६३२ | अखेटोपहारमा लाग्ने कर(जडिबुटी,कवाडी र जिवजन्तु कर) | ०.०० | |
| ६ | ११४५१ | सवारी साधन कर (टांगा रिक्सा अटोरिक्सा ईरिक्सा जस्ता साना सवारी) | ४७९९९.०० | |
| ७ | ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | १४८००००.०० | |
| ८ | १४६११ | व्यवसाय कर | ७४८१६६९.३५ | |
| ९ | १४२१९ | बिक्रि (ढुंगा, गिट्टी,बालुवा, माटो समेत) | ७१७०५९२.८९ | |
| १० | १४२१९ | अन्य सेवा शुल्क | ५०००४२.०० | |
| ११ | ११६०० | अन्य कर | १०२१६८.०० | |

यसैगरी नगरपालिकाको आन्तरिक आय अन्तरगत गैरकर राजश्व तर्फ देहायबमोजिमको रकम प्राप्त भएको थियो ।

| ख. | गैहकर राजश्व | | | |
|---|---|---|---|---|
| १ | १४१९१ | पर्यटन शुल्क (वन्यजन्तु आरक्ष र निकुञ्ज संरक्षण क्षेत्रको प्रवेश शुल्क) | ०.०० | |
| २ | १४२२१ | न्यायिक दस्तुर | ६८५२०.०० | |
| ३ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | २३१२३५७.९१ | |
| ४ | १४२४१ | पार्कीङ्ग शुल्क | ०.०० | |
| ५ | १४२४२ | नक्सापास दस्तुर | ४६११७३९.१५ | |
| ६ | १४२४३ | सिफारीस दस्तुर | ११७६८८६४.५० | |
| ७ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ११७५५८९.०० | |
| ८ | १४२४५ | नाता प्रमाणित दस्तुर | ३९३०००.०० | |
| ९ | १४२४६ | अन्य दस्तुर | ८३५८९१३.४९ | |
| १० | १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ६४७७२६.५० | |
| ११ | १४२५४ | रेडियो/एफएम संचालन दस्तुर | ०.०० | |
| १२ | १४३१२ | न्यायीक दण्ड जरिवाना र जफत | २५७९४६.३४ | |
| १३ | १४३१३ | धरौटि सदरस्याहा | ०.०० | |
| १४ | १४५२१ | प्रदुषण नियन्त्रण शुल्क | ०.०० | |
| १५ | १४१९० | अन्य शुल्क/ दस्तुर | ३४२९५९.५० | |

गत आ.ब. २०७९/०८० मा आन्तरिक आय अन्तरगत प्रदेश र संघ सरकारबाट राजश्व बाँडफाँड अन्तरगत देहाय बमोजिमको रकम प्राप्त भएको अवस्था थियो ।

| | | | |
|---|---|---|---|
| ग. | नेपाल सरकारबाट प्राप्त राजश्व बाँडफाँडको रकम | | |
| १ | ११४११ | मुल्य अभिबृद्धि कर | ५९२५०३३७.८० |
| २ | ११४२१ | अन्त शुल्क | २२५७४९००.२१ |
| ३ | १४१५३ | बन रोयल्टि | २६६२९५४.४५ |
| घ | प्रदेश सरकारबाट प्राप्त राजश्व बाँडफाडको रकम | | |
| १ | ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | २८३००१४७.०० |
| २ | ११४५६ | सवारी साधन कर | ८६६१४८४.६० |
| | | जम्मा | १८,७६,१८,३७०.९१ |

उर्लाबारी नगरपालिकाको गत आ.ब. २०७९/०८० मा खर्चिएको बजेट मध्ये क्षेत्रगत रुपमा देहायको खर्च विवरण पेश भएको अवस्था छ ।

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | | खर्च | | वित्तिय प्रगति (%) | भौतिक प्रगति (%) |
|---|---|---|---|---|---|---|---|
| | | रकम | संख्या | रकम | संख्या | | |
| १ | आर्थिक विकास | ९,५६,४२,८८९.०० | १९७ | ६,००,६०,१५३.०० | १६१ | ६२.८० | ८१.७२ |
| २ | सामाजिक विकास | ३५,५७,९१,१८६.०० | ५१९ | २९,९४,३२,१२८.३८ | ४२८ | ८४.१५ | ८२.४६ |
| ३ | पूर्वाधार विकास | ५०,१६,२३,२८७.०० | ३१३ | २६,०३,१४,४८६ | २४९ | ५१.८९ | ७८.५९ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ४,८८,८२,५९९.०० | ८७ | ३,२४,४७,०९५.७७ | ५७ | ६६.३८ | ६५.५१ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १६,०७,१२,११६ | १७० | ११,७०,९१,३८२.५० | १५० | ७२.८६ | ८८.२३ |

यसैगरी गत आ.ब.मा नगरपालिकामा प्राप्त धरौटीको रकम तथा फिर्ता गरिएको धरौटी र धरौटीको मौज्दातलाइ यसप्रकार राखिएको छ ।

| शुरु मौज्दात | यो बर्ष थप | यो बर्ष फिर्ता | जम्मा बाँकी |
|---|---|---|---|
| १,६९,६९,०४५.३३ | ७३,१८,२९८.३२ | ११,४२,१६९.० | २३१,४५,१७४.६५ |

आ.ब.२०७९/०८० मा बजेट तथा कार्यक्रम कार्यन्वयनको दौरानमा बिभिन्न कोषहरुको भएको रकमको व्यवस्था र भएको खर्चलाइ यसप्रकार प्रस्तुत गरिएको छ ।

| कोष | आय | खर्च |
|---|---|---|
| प्रकोप व्यवस्थापन कोष | १,३१,२१,७७६.६३ | ७६,८५,५४६.०(५८.५७%) |
| मर्मत संभार कोष | १,५४,६६,७६३.८० | ८२,८७,८६१.०(५३.५८%) |

## सामाजिक सुरक्षा तथा पन्जिकरण शाखा

यसपश्चात सामाजिक सुरक्षा तथा पन्जिकरण शाखाले आफ्नो शाखाको अगिल्लो बर्षभरीमा संचालन गरेका कार्यक्रमहरुको प्रगती विवरण प्रस्तुत गरेको थियो । उक्त शाखाले प्रस्तुत गरेका विवरणहरुलाइ यसप्रकार प्रस्तुत गरिएको छ ।

सामाजिक सुरक्षा भत्ता आ.व. २०७९/०८० को पहिलो, दोस्रो,तेस्रो र चौथो त्रैमासिक भत्ता वितरण सम्पन्न भएको थियो जसलाइ यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ ।

| त्रैमासिक | भत्ता रकम | लाभग्राही संख्या |
|---|---|---|
| पहिलो | ६,२९,१७,१७४ | ६४६८ |
| दोस्रो | ६,६२,५४,५४४ | ६५६१ |
| तेस्रो | ६,७४,६३,६१६ | ६६९२ |
| चौथो | ६,८४,५४,११६ | ६७७३ |
| जम्मा | २६,५०,८९,४५० | |

यसैगरी मिति २०७७ बैशाख १ गते देखि २०७९ चैत्र मसान्त सम्म सम्म नगरपालिकामा घटेका घटनाको घटना दर्ता शारांशलाइ यस प्रकार प्रस्तुत गरिएको छ ।

| | जन्म | | | मृत्यु | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं. | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | जम्मा |
| १ | १५७ | १५४ | ३११ | ४८ | ३६ | ८४ | १३ | १३६ | १३६ | ४५७ | ७४ | २३७ | ७५४ |
| २ | १०३ | १०९ | २१२ | ४२ | २५ | ६७ | १० | ९५ | ११६ | ३७० | १०७ | २९३ | ६०७ |
| ३ | ६५ | ७५ | १४० | २७ | २१ | ४८ | १५ | ६८ | १७० | ४९२ | ७१ | २०७ | ५१२ |
| ४ | ९२ | १०१ | १९३ | २ | २१ | ५३ | १८ | ८४ | १८४ | ६२६ | ७१ | २१० | ६०३ |
| ५ | ३८ | ४१ | ७९ | १३ | १७ | ३० | ११ | ४६ | १५३ | ४९७ | ५१ | १६५ | ३७० |
| ६ | ८० | ६८ | १४८ | १३ | १५ | २८ | १५ | ६६ | १५४ | ४९२ | ६५ | १९६ | ४७६ |
| ७ | १०५ | ७९ | १८४ | २८ | २८ | ५६ | १७ | १०३ | २२८ | ७६३ | ७३ | २५९ | ६६१ |
| ८ | ४८ | ५५ | १०३ | २७ | २० | ४७ | ६ | ९० | ११९ | ४२६ | ६१ | १९९ | ४२६ |
| ९ | ११४ | १०५ | २१९ | ४१ | २९ | ७० | २४ | १२१ | ६३ | १९३ | ९४ | ३११ | ५९१ |
| **जम्मा** | ८०२ | ७८७ | १५८९ | २७१ | २१२ | ४८३ | १२९ | ८०९ | १३२३ | ४३१६ | ६६७ | २०७७ | ५००० |

यसपश्चात शाखाले बर्षमा गरेका नियमित कार्यको अलावा स्थलगत तथा कार्यलयिय रुपमा आयोजना गरेका कार्यक्रमहरु यसप्रकार रहेका छन ।

१) सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्बन्धी अभिमुखिकरण कार्यक्रमः  रु ३०००००/- को बजेट योजनामा संचालन गरिएको यस कार्यक्रममा जम्मा ५५० जना प्रत्यक्ष रुपमा लाभान्वित भएका थिए भने यो कार्यक्रम उर्लबारी नगरपालिकाकव सबै वडामा संचालन गरी सम्पन्न गरिएको भएको थियो ।

२) व्यक्तिगत घटना दर्ता सप्ताहः वैशाख १ गते देखि ७ गते सम्म संचालन गरिएको थियो । बजेट योजना रु २१००००/- को रहेको यस कार्यक्रममा सबै नगरबासीलाइ प्रत्यक्ष/ अप्रत्यक्ष रुपमा लाभान्वित तुल्याइएको थियो । अमानत तथा राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभागको कार्यविधी अनुसार संचालन गरिएको यस कार्यक्रममा एफ एम मा जिङ्गल प्रसारण, सम्पुर्ण वडामा जिङ्गल, प्रभातफेरी, माइकिङ्ग र सम्पुर्ण सामुदायिक विद्यालयमा विद्यार्थी मार्फत सन्देश प्रवाह गराउन घटना दर्ता सम्बन्धी फ्लेक्स समेत टाँस गरिएको थियो ।

यसपछाडी नगरपालिकाको शिक्षा शाखाले आ.ब.२०७९/०८० को अवधीभरमा संचालन गरेका कार्यक्रम तथा अभियानको बारेमा प्रगती विवरण प्रस्तुत गरेको थियो । शिक्षा शाखामा हाल मौज्दात जनशक्ती देहाय बमोजिमको रहेको छ ।

| क्रस | नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | अशोक घिमिरे | शिक्षा अधिकृत (सातौ) | |
| २ | सिर्जना गौतम | प्राविधिक सहायक पाँचौ | |
| ३ | कमल गौतम | शिक्षक सहयोगी | |

## सामाजिक विकास शिक्षा

शिक्षा युवा तथा खेलकूद शाखा (आ.व.२०७९/०८०) को असार मसान्त सम्मको प्रगति प्रतिवेदन

| सि.नं. | योजनाको विवरण | रकम रु. | खर्च | भौतिक प्रगति | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक वाल विकासका सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीहरुको पारिश्रमिक लागि पारिश्रमिक | ५९९९५०० | ५९९९५०० | १०० | १०० | |
| २ | IEMIS SOFTWARE संचालन क्षमता अभिवृद्धि तालिम | २१४५०० | १५४०४० | १०० | ७२ | |
| ३ | विद्यालय वाल क्लव गठन र परिचालन | २५०००० | २५०००० | १०० | १०० | |
| ४ | नगर शिक्षा योजना निर्माण | २००००० | ० | १०० | ० | |
| ५ | आया पारिश्रमिक(पोषाक र चाडपर्व खर्च सहित) | ४३६००० | ४१६५०० | ९६ | ९६ | |
| ६ | कक्षा ८ को नगरस्तरीय परीक्षा व्यवस्थापन | ४००००० | ४००००० | १०० | १०० | |
| ७ | विद्यालयमा छात्रा चेन्जीङ रुम व्यवस्थापन | १०००००० | १०००००० | १०० | १०० | |
| ८ | शैक्षिक क्यालेण्डर निर्माण | १५०००० | १३०००५ | १०० | ८७ | |
| ९ | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन | २००००० | २००००० | १०० | १०० | |
| १० | प्र.अ.बैठक ब्यवस्थापन खर्च | १००००० | ७१००० | १०० | ७१ | |
| ११ | शिक्षण सिकाइमा ICT कार्यक्रम(आधारभूत सामूदायिक विद्यालयहरु संख्या ३) | ९००००० | ९००००० | १०० | १०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | विज्ञान तथा प्राविधिक शिक्षा (कक्षा ११ र १२ ) मा अध्ययनरत प्रत्येक वडाबाट २ जना सामूदायिक विद्यालयमा अध्ययनरत जेहन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति(प्रति विद्यार्थी रु ४० हजारका दरले १८ जना विद्यार्थीहरुका लागि) | ७२०००० | ५९२५०० | १०० | ८२ | |
| १३ | शिक्षण सिकाइमा उत्कृष्ट सामूदायिक विद्यालयलाई प्रोत्साहन | १००००० | ० | १०० | ० | |
| १४ | नगर शिक्षा समिति बैठक व्यवस्थापन,निरीक्षण,अनुगमन | १५०००० | १२०००० | १०० | ८० | |
| १५ | पुस्तकालय स्थापना तथा व्यवस्थापन(प्रा.वि.विद्यालयहरुलाई) | २८०००० | २८०००० | १०० | १०० | |
| १६ | सामूदायिक विद्यालयमा स्काउट गठन तथा परिचालन | २००००० | १५०००० | १०० | ७५ | |
| १७ | शिक्षा,युवा तथा खेलकुद शाखा कार्यालय व्यवस्थापन तथा देशका उत्कृष्ट पालिकाहरुको अवलोकन,निरीक्षण भ्रमण | २५०००० | २५०००० | १०० | १०० | |
| १८ | नगरस्तरीय अन्तर विद्यालय विद्यार्थी सहक्रियाकलाप प्रतियोगिता | १५०००० | १४२००० | १०० | ९५ | |
| १९ | स्थानीय पाठ्यक्रम निर्माण | ३००००० | २८४००० | १०० | ९५ | |
| २० | विद्यालय सफ्टवेयर निर्माण तथा व्यवस्थापन | ५००००० | ० | १०० | ० | |
| | **जम्मा** | **१२५०००००** | **११३३९५४५** | १०० | **९१** | |
| **खेलकूद विकास तर्फ जम्मा विनियोजित रकमः३०००००० (तीस लाख मात्र)** | | | | | | |

| | कार्यक्रमको विवरण | | खर्च | | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सामूदायिक विकास मञ्च | | २००००० | | | |
| २ | भेट्रान फुटबल क्लब | | २००००० | | | |
| ३ | उर्लाबारी प्याव्सन स्पोर्टस मिट | | १००००० | | | |
| ४ | उर्लबारी युवा क्लब | | ५०००० | | ५२ | |
| ५ | उर्लाबारी भेट्रान क्लब | | २००००० | | | |
| ६ | राजघाट भेट्रान क्लब(मेयर कप) | | ५००००० | | | |
| ७ | उर्लाबारी ब्याडमिन्टन क्लब | | ३००००० | | | |
| **जम्मा** | | | १५५०००० | | | |

# कृषि विकास शाखा

यसपश्चात बार्षिक समिक्षा गोष्ठीमा कृषि विकास शाखाको तर्फबाट आ.ब.२०७९/०८० मा भए गरेका क्रियाकलाप तथा कार्यक्रमहरुको बारेमा प्रस्तुतिकरण भएको थियो । कृषि विकाश शाखाको तर्फबाट कृषि विकास शाखा प्रमुख अम्बिका लुइटेलले प्रस्तुत गर्नुभएको प्रस्तुतिकरण तथा उक्त शाखामा भएको हालको दरबन्दी विवरणलाइ यसप्रकार प्रस्तुत गरिएको छ।

| क्र.स. | नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | अम्बिका प्रसाद लुइटेल | कृषि अधिकृत (छैटौ) | |
| २ | सिरजना नेपाली | प्राविधिक सहायक (पाँचौ) | |
| ३ | रोशन रणपाल | प्राविधिक सहायक (पाँचौ) | |
| ४ | मनिष भट्टराई | कृषि स्नातक,संघीय अनुदान (करार) | |
| ५ | संगिता खतिवडा | एक गाउँ एक प्राविधिक | |

| क्र.स. | कार्यक्रम विवरण | स्विकृत रकम रु | खर्च भएको रकम रु | लाभान्वित संख्या | कार्यक्रम संचालानर्थ प्रयोग गरिएको विधी | मितब्यहिता र प्रभावकारिता लागि चालिएका कदम/उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ५०% अनुदान मा मौरीलाइ कृतिम आहारा (चिनि-सातु आदि) वितरण कार्यक्रम | ३,००,००० । | २,९९,००८ । | ८२ घर परिवार | सा.ख.ऐ. २०६३ र सा.ख.नि.२०६४ | उर्लाबारी नगरक्षेत्र भित्र ब्यवसायिक मौरी पालन गर्ने कृषकहरुले मौरीको लागि आपतकालिन समयमा मौरी करिव २००० गोला मौरी बचाउन सकिएको साथै मह उत्पादनमा यो कार्यक्रम बाट करिव २०% बढोत्तरी भएको। | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | फुलखेती प्रबर्द्धन कार्यक्रम | १,५०,००० । | १,४९,९९९ । | २ वटा समुह ५ जना ब्यक्तिगत | सा.ख.ऐ. २०६३ र सा.ख.नि.२०६४ | तिहार लाइ लक्षितगरी सयपत्री फुलको उत्पादन गरी करिव २०% आयात प्रतिश्थापन गर्न सफल भएको । | |
| ३ | ५०% अनुदान मा गहुँको बीउ वितरण कार्यक्रम संचालन । | ४,००,००० । | २,५२,००० । | | सा.ख.ऐ. २०६३ र सा.ख.नि.२०६४ | ७००० के.जी उन्नत जातको गहुँको बीउ वितरण। ४५ हे जमिनमा गहुँ खेती गरिएको । ११२ मे.टन गहुँ उत्पादन भएको । ब्यवसायिक रुपमा पशु पालन गर्ने कृषक बढि लाभान्वित भएको। | |

| क.स | कार्यक्रम विवरण | स्विकृत रकम रु | खर्च भएको रकम रु | लाभान्वित संख्या | कार्यक्रम संचालानर्थ | मितब्यहिता र प्रभावकारिता | कैफियत |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | **प्रयोग गरिएको विधी** | **लागि चालिएका कदम/उपलब्धि** | |
| ४ | ७५% अनुदानमा रिपर वितरण | १०,००,००० । | ९,१८,००० । | ६ वटा कृषक समुह | सा.ख.ऐ. २०६३ र सा.ख.नि.२०६४ | ६ थान धान काट्ने रिपर सेल्फ प्रोपेड वितरण गरिएको प्रति रिपर सरदर २५ बिगाहाको दरले धान काटेर खेतिको लागत कम हुन गएको । | |
| ६ | ५०% अनुदानमा तरकारीको बीउ वितरण | २,०८,७०७ । | २,०५,०६४ । | ३६ समुह,३२ कृषक, ७ कृषि फर्म | सा.ख.ऐ. २०६३ र सा.ख.नि.२०६४ | करेसाबारी तरकारी खेती तथा ब्यवसायिक रुपमा संचालन गर्ने कृषकहरुलाइ वडा नं ४,६,७ मा तरकारीको बीउ वितरण गरिएको । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | ७५% अनुदानमा पावर टिलर वितरण। | १,००,०००। | ७,६४,६२५। | ५ वटा समुह | सा.ख.ऐ. २०६३ र सा.ख.नि.२०६४ | ५ थान पावर टिलर विभिन्न कृषक समुह लाइ वितरणगरिएको। एउटा पावर टिलरको क्षमता करिव १२-१५ बिगाहा खेती गर्न सक्ने क्षमता रहेको हुन्छ। | |
| ८ | २ एच.पि. को मोटरबोरिङ वितरण कार्यक्रम। | ५२,८५,०००। | ४९८३,०००। | १४२ कृषक लाभान्वित | सा.ख.ऐ. २०६३ र सा.ख.नि.२०६४ | २८४ बिगाहा सुख्खा क्षेत्रमा सिंचाइ भएको। | |
| ९ | वडा स्तरिय अगुवा कृषक गोष्ठी संचालन। | १,००,०००। | ९७,७५०।- | २३७ घर परिवार | अमानत | नौ वटै वडामा वडा स्तरिय कृषकहरुसंग गोष्ठी संचालन भएको। प्रतेक वडामा वडा स्तरिय कृषकहरुको मुल समिति | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | निर्माण भएको। | |

| क्र.स | कार्यक्रम विवरण | स्विकृत रकम रु | खर्च भएको रकम रु | लाभान्वित संख्या | कार्यक्रम संचालानर्थ प्रयोग गरिएको विधी | मितब्यहिता र प्रभावकारिता लागि चालिएका कदम/उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १० | ५०% अनुदान मा उन्नत तथा बर्णशंकर र जातको मकैको बीउ वितरण । | १०,२७,०००। | १०,२४,४५५।- | ३७ वटा समुह २४७२ घर परिवार | सा.ख.ऐ. २०६३ र सा.ख.नि.२०६४ | ७५०० के.जी बीउ वितरण। बर्ण शंकर जातको मकै प्रति हे ६.६ मे.टन उत्पादन रहेको। उन्नत जातको बीउ बाट ४.५ मे.टन उत्पादन रहेको । | |
| ११ | आकश्मिक बाली संरक्षण सेवा। | ५,००,०००।- | ४,६९,८००। | ११८ वटा कृषक समुह | सा.ख.ऐ. २०६३ र सा.ख.नि.२०६४ | धान,मकै,गहुँ बाली को बाली कटानी गरी उर्लाबारी को प्रति ईकाइ क्षे.फ. को उत्पादकत्वको तथ्याँक लिएको। | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | ७५% अनुदान मा बिषादी छर्ने स्प्रेयर वितरण । | ५,२०,००० । | ४,३२,१४९ । | १०० वटा समुह | सा.ख.ऐ. २०६३ र सा.ख.नि.२० ६४ | १७६ वटा बिषादी छर्ने स्प्रेयर वितरण गरीएको कृषिजन्य उत्पादनमा असर गर्ने बिभिन्न रोग/किरा आदि लाई न्यूनिकरण गर्न बिषादी/मल/भिटामिन प्रयोग गरिएको । | |
| १३ | ७५% अनुदान मा महमदानी वितरण | २,५०,००० । | १,७३,२५० । | ६ वटा कृषि फर्म | सा.ख.ऐ. २०६३ र सा.ख.नि.२० ६४ | ६ थान महमदानी ब्यवसायिक रुपमा मौरी पालन गर्ने कृषकलाइ वितरण गरिएको जसबाट मह निकाल्न सहयोग पुग्ने | |
| १४ | ५०% अनुदान मा मौरीघार वितरण । | ८,७५,००० । | ७,९८,४०० । | २१ वटा कृषि फर्म | सा.ख.ऐ. २०६३ र सा.ख.नि.२० ६४ | २३८ मौरीको खाली घार वितरण गरिएको । ब्यवसायिक मौरी पालन गर्ने कृषकहरुलाइ सहयोग । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५ | माटो परिक्षण को लागि केमिकल्स खरिद। | ५००००। | ४९९९८। | ३२ वटा नमुना परिक्षण | सा.ख.ऐ. २०६३ र सा.ख.नि.२०६४ | ३२ वटा माटोको नमुना परिक्षण गरिएको । | |

| क्र.स | कार्यक्रम विवरण | स्विकृत रकम रु | खर्च भएको रकम रु | लाभान्वित संख्या | कार्यक्रम संचालानर्थ प्रयोग गरिएको विधी | मितब्यहिता र प्रभावकारिता लागि चालिएका कदम/उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १६ | ७५% अनुदानमा मकै रोप्ने मेशिन वितरण। | ५,००,००० । | ४,८८,४०० । | १३७ वटा समुह, २३ वटा कृषि फर्म | सा.ख.ऐ. २०६३ र सा.ख.नि.२०६४ | १४० वटा मकै रोप्ने मेसिन वितरण गरिएको । एकवटा मेसिन बाट प्रति घण्टा ३-४ कठ्ठामा रोप्न सकिएको । | |
| १७ | ७५% अनुदानमा मकै छोडाउने मेशिन वितरण। | ७,००,००० । | ५,६४,३७५ । | ४० वटा कृषक समुह | सा.ख.ऐ. २०६३ र सा.ख.नि.२०६४ | ४० थान मकै छोडाउने मेसिन वितरण गरिएको । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रति घण्टा एउटा मेशिनबाट ६-८ मन मकै छोडाउने गरेको। | |
| १८ | ७५% अनुदान मा मकै गोड्ने मेशिन वितरण। | ५,००,००० । | ४,५६,७५० । | १०० वटा कृषक समुह | सा.ख.ऐ. २०६३ र सा.ख.नि.२० ६४ | २०० थान मकै गोड्ने औजार वितरण गरिएको । मकै गोड्न लाग्ने समय साथै लागत ७०% कम भएको। | |
| १९ | ५०% अनुदान मा उन्नत जातको धानको बीउ वितरण। | १८,००,०० ०। | १३,१२,५७ ५। | ६३ वटा समुह, १०७ जना ब्यक्ति तथा कृषिफर्म | सा.ख.ऐ. २०६३ र सा.ख.नि.२० ६४ | ३२००० के.जी दुइ सिजनको धानको उन्नत बीउ वितरण गरिएको । उन्नत बीउ बाट करिव १५-२५% उत्पादनमा बृद्धिहुने छ। | |
| २० | प्राङगारी क मल तथा | ५,००,००० । | १,२६,००० । | २२ जना कृषक | सा.ख.ऐ. २०६३ र सा.ख.नि.२० | ३० जना कृषकलाइ तालिम | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | गड्यौली मल उत्पादन कार्यक्रम । | | | | ६४ | दिएको, २२ जना कृषकलाइ गड्यौला उपलब्ध गराएको, | |

| क्र.स | कार्यक्रम विवरण | स्विकृत रकम रु | खर्च भएको रकम रु | लाभान्वित संख्या | कार्यक्रम संचालानर्थ प्रयोग गरिएको विधी | मितब्यहिता र प्रभावकारिता लागि चालिएका कदम/उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २१ | तरकारी खेती तालिम संचालन। | १,००,००० । | ९९,७७८। | ७६ जना कृषक | अमानत | २ पटक गरी तालिम संचालन गरीएको । | |
| २२ | बर्षे फलफुल को बिरुवा ५०% अनुदानमा वितरण । | ३,००,००० । | २,७१,९५० । | १०५०० बिरुवा(१६ समुह, ४ वटा कृषि फर्म, १७ जना ब्यक्ति | सा.ख.ऐ. २०६३ र सा.ख.नि.२०६४ | १०५०० सुपारीको बिरुवा वितरण, न्यूनतम ५०-२५० सम्म कृषकलाइ वितरण गरिएको । | |
| २३ | राष्ट्रिय धान दिवश कार्यक्रम | १,४०,००० । | १,३०,९६२ । | १३२ जना सहभागि | अमानत | असार १५ गते राष्ट्रिय धान दिवश मनाइएको । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | संचालन भएको । | | | | | | |
| २४ | किसान सुचिकरण कार्यक्रम । | ९,००,००० । | ५३८७७० । | | किसान सूचिकरण कार्यक्रम कार्यविधी - २०७७ | ७८५० घरधुरीको तथ्याँक अध्यावधिक गरिएको। | |

यसैगरी संघीय शर्सत अनुदान तर्फ कृषि विकास शाखाको देहायबमोजिमका कार्यक्रमहरु संचालनमा रहेका थिए । उक्त कार्यक्रममा लागेको लागत तथा यसको उपलब्धी तथा अपनाइएको कार्यप्रकृयालाई यसप्रकार उल्लेख गर्न सकिन्छ ।

| **क.स** | **कार्यक्रम विवरण** | **स्विकृत रकम रु** | **खर्च भएको रकम रु** | **लाभान्वित संख्या** | **कार्यक्रम संचालानर्थ प्रयोग गरिएको विधी** | **मितब्यहिता र प्रभावकारिता लागि चालिएका कदम/उपलब्धि** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|
| १ | खायन आलु उत्पादन कार्यक्रम। | १५२० ०००। | ४८१३ ००। | ३२ वटा समुह ७ वटा कृषि फर्म ४२ जना कृषक | सा.ख.ऐ २०६३ सा.ख.नि. २०६४ | नगरक्षेत्र भित्रका माग फाराम भरेका कृषकहरुलाइ उन्नत जातको आलुको बीउ १०८०० के.जी वितरण गरिएको जसबाट १२० टन खायन आलु उत्पादन भएको। | |
| | खायन आलु उत्पादन कार्यक्रम। | | ८९९४ २३.५ | | सा.ख.ऐ २०६३ सा.ख.नि. २०६४ | उर्लाबारी वडा नं ६ हाटखोलामा ८ मे.टन क्षमता भएको कोल्ड रुम निर्माण भएको । | |
| २ | तरकारी | ६,००,० | ५,३६,७ | ३४ | PMAMP कार्यविधी | १० हे.मा संचालन | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पकेट कार्यक्रम(निरन्तरता) | ००। | ०५। | घर परिवार | | ३४ घरपरिवार लाभान्वित, -७० मे.टन उत्पादन (तरकारीकोबीउ,बिषादी,भिटामिन,स्प्रेयर,टनेल,मोटर /बोरिङ,मल्चिङ,डिजिटल तराजु आदि खरिद।) | |

| क्र.स | कार्यक्रम विवरण | स्विकृत रकम रु | खर्च भएको रकम रु | लाभान्वित संख्या | कार्यक्रम संचालानर्थ प्रयोग गरिएको विधी | मितब्यहिता र प्रभावकारिता लागि चालिएका कदम/उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ३ | तेलहन पकेट (निरन्तरता) | ६,००,०००। | ५,९९,९९२। | ८४ घर परिवार | PMAMP कार्य विधी | १५ हे मा संचालन ८४ घरपरिवार लाभान्वित- ८ मे.टन उत्पादन (तोरिको बिउ,सल्फर,बिषादी,स्प्रेयर,मोटर/बोरिङ, डिजिटल काँटा,सिंचाइ पाइप आदि खरिद। | |
| ४ | मकै पकेट विकास कार्यक्रम। | १२,००,०००। | ११८२२५२। | ७० घर परिवार | PMAMP कार्य विधी | ७० हे. मा संचालन ११२ घरधुरी लाभान्वित-४२ मे.टन उत्पादन (तोरिकोबीउ,सल्फर,भिटामिन,बिषादी,स्प्रेयर,त्रिपाल,मोटर,अरमाना ठेला, सिंचाइ पाइप,डिजिटल काँटा आदि | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | तेलहन बाली पकेट कार्य क्रम | १२,००, ०००। | ११,११, ५७८। | ७३ घर परि वार | PMA MP कार्य विधी | ५६ हे मा संचालन<br>७३ घरपरिवार लाभान्वित —<br>३६४ मे.टन उत्पादन<br>(मकैकोबीउ,त्रिपाल,मोटर/बोरिङ,अ रमानाठेला, स्प्रेयर, बिषादी,भिटामिन,मिनि टिलर,पावर टिलर आदि। | |
| ६ | किसा न सूचिक रण | २९००० । | २९००० ०। | ७८ ५० घर परि वार | किसा न सुचिक रण कार्य विधी । | ७८५० घर परिवार को तथ्यांक अध्यावधिक गरि सकिएको | |

उर्लाबारी नगरपालिकाको कृषि विकाश शाखाले यसरी नगरपालिकाको आन्तरिक श्रोत तथा बाह्य अनुदानबाट संचालित कार्यक्रमको कार्यन्वयनको दौरानमा भोग्नुपरेका समस्या तथा चुनौतीलाइ आत्मसात गर्नुपरेको थियो ।

१. नगरको भू-उपयोग निति अनुसार ब्यवसायिक र आवासिय क्षेत्रमा कृषि ब्यवसाय संचालन गर्ने कृषकलाई कृषि औजार उपकरण दिन नसकिने हुनाले सो क्षेत्रमा ब्यसायिक खेति गर्ने कृषकलाई सहयोग गर्न नसकिएको।
२. मकैको बीउ खरिदको लागि सूचना असोज महिनाको पहिलो हप्तामा निकालिएको हुन्छ ब्यापारीले कार्तिकमा मात्र दररेट उपलब्ध गराउछ।सो कारणले गर्दा कार्यक्रम समयमा संचालन गर्न असहज बन्दै गएको छ।
३. आर्थिक विकास समितिको संयोजकको अनुपश्थितिले गर्दा नगरस्तरिय मुल कृषक समितिको बैठक बस्न नसकिएको।
४. कोल्ड रुम निर्माण भएको संचालन हुन नसकेको।

यसपश्चात उर्लाबारी नगरपालिकाको सामाजिक विकास अन्तरगत स्वास्थ्य शाखाले गत आ.ब.२०७९/०८० मा गरेका कार्यक्रम तथा गतिविधीको बिषयमा शाखाका कर्मचारीले प्रस्तुतिकरण दिनुभएको थियो । शाखामा कार्यक्रम कार्यन्वयनको दौरानमा देहायबमोजिमका कर्मचारीहरुले सेवा तथा सुविधा प्रदान गरेका थिए ।

# स्वास्थ्य शाखा

